# प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५

**मन्त्रिपरिषद्बाट स्वीकृत मितिः २०७५ मंसिर २८ गते**

<u>संशोधन</u>

समपूरक अनुदान सम्वन्धी (पहिलो संशोधन)कार्यविधि,२०७६

**<u>प्रस्तावनाः</u>** प्रदेश सरकारले स्थानीय तहलाई समपूरक अनुदान प्रदान गर्न प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा १० बमोजिम प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद —१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो कार्यविधिको नाम "प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले प्रदेश वित्त व्यवस्थापन ऐन,२०७५ सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ।

(ग) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनुपर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

(ङ) "समपूरक अनुदान" भन्नाले प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ६ वमोजिमको अनुदान सम्झनु पर्छ।

✎(च) "विषयगत मन्त्रालय" भन्नाले प्रदेश सरकारका विषयगत मन्त्रालय सम्झनुपर्छ।

## परिच्छेद-२

## <u>अनुदान प्रदान गरिने क्षेत्र, आधार तथा आयोजनाको छनौट</u>

३. **<u>समपूरक अनुदान प्रदान गरिने क्षेत्रः</u>**(१) प्रदेश सरकारले स्थानीय तहबाट सञ्चालन गरिने देहायका पूर्वाधार विकास सम्वन्धी योजना तथा कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्न सक्नेछः-

(क) सडक सम्बन्धी योजना तथा कार्यक्रमहरुमा स्थानीय तहको सदरमुकामबाट वडाको केन्द्रसम्म जोड्ने सडक तथा गाउँ वस्तीबाट हाटबजार पुग्ने खालका ग्रामीण सडक, आकाशेपुल तथा पदमार्ग सम्बन्धी योजना तथा कार्यक्रम,

✎ पहिलो संशोधनद्वारा थप।

(ख) शितभण्डार, बधशाला निर्माण,

(ग) पर्यटकीय पूर्वाधार विकास सम्बन्धी आयोजनाहरु,

(घ) विद्युत सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायमा बिद्युत सेवा सुविधा उपलव्ध गराउने योजना तथा कार्यक्रम, वैकल्पिक उर्जा सम्बन्धी कार्यक्रम,

(ङ) औद्योगिकग्राम, खेलमैदान, ल्याण्डफिल्ड साइट निर्माण तथा फोहोर व्यवस्थापन,

(च) पुलपुलेसा तथा झोलुङ्गेपुल सम्बन्धी योजना तथा कार्यक्रम,

(छ) सिंचाई सम्बन्धी योजना तथा कार्यक्रमहरु,

(ज) संघीय सरकारसँग साझेदारी कार्यक्रममा सञ्चालन भएका आयोजनाहरूको लागि पूरक अनुदान ।

४. **<u>समपूरक अनुदान प्रदान गरिने ढाँचाहरुः</u>** (१) पूर्वाधार विकास सम्बन्धी योजना तथा कार्यक्रमहरुमा स्थानीयतहले समपूरक अनुदान माग गर्दा दफा ३ मा उल्लेख भएका क्षेत्रहरु मध्ये कुनै एक क्षेत्रमा माग गर्न सक्नेछन।

(२) समपूरक अनुदान उपलब्ध गराउँदा प्रस्तावित योजनाको कुल लागतको अनुपातका आधारमा प्रदान गरिनेछ।

✎ (२क.) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ठेक्का घटाघटबाट आयोजनाको कुल लागत घटी हुन गएमा सोही अनुपातका आधारमा अनुदान प्रदान गरिनेछ।

🕮 (३) आयोजनाको प्रकृति, प्रदेश सरकारको प्राथमिकता, आवश्यकता, आयोजना वा कार्यक्रमबाट प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी, दिगोपना, स्थानीय तहको माग र लगानी क्षमता समेतको आधारमा कुल लागतको बढीमा साठी प्रतिशतसम्म रकम प्रदेश सरकारले समपूरक अनुदानको रूपमा प्रदान गर्न सक्नेछ।

(४) स्थानीय तहले आयोजनाको कुल लागत सहभागितामा स्थानीय तह, सामुदायिक संघ संस्थाले जुटाउने नगद, वस्तुगत र श्रमसहभागिता समेतलाई गणना गर्न सकिनेछ ।

✎(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारका विषयगत मन्त्रालयले स्थानीय तहसँग समन्वय गरी कुनै आयोजना/कार्यक्रम सम्बन्धित स्थानीय तहलाई समपूरक अनुदानको ढाँचामा कार्यान्वयन गराउन सक्नेछन।

✎(६) उपदफा (५) बमोजिम स्थानीय तहलाई आयोजना/कार्यक्रम कार्यान्वयन गराउनुपूर्व स्थानीय तह तथा मन्त्रालयको सहमति लिई प्रदेश सरकार मन्त्रीपरिषद्बाट निर्णय गराउनु पर्नेछ।

---

✎ पहिलो संशोधनद्वारा थप।

🕮 पहिलो संशोधन द्वारा संशोधित।

५. **<u>समपूरक अनुदान प्रदान नहुने</u>** : (१) दफा ३ मा जुनसुकै कुरा लेखेको भए तापनि देहायका प्रकृतिका योजना तथा कार्यक्रमका लागि समपूरक अनुदान उपलव्ध गराइने छैन :-

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य परिपूर्ति हुने प्रकृतिका योजना तथा कार्यक्रम,

(ख) तलब, भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानीका योजना तथा कार्यक्रम,

(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका योजना तथा कार्यक्रम,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका योजना तथा कार्यक्रम,

(ङ) घाटा बजेट पूर्ति गर्ने योजना तथा कार्यक्रम,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालका योजना तथा कार्यक्रम,

(छ) अन्य अनुदान तथा स्रोतबाट सञ्चालनमा रहेका योजना तथा कार्यक्रममा दोहोरो पर्ने गरी माग भएका योजना तथा कार्यक्रम,

(ज) कुल लागत रु. एक करोडभन्दा कम र रु. तीनकरोड भन्दा बढीका योजना तथा कार्यक्रम ।

✍ तर नेपाल सरकारबाट समेत समपूरक अनुदान प्राप्त आयोजना वा प्रदेश सरकारको प्राथमिकतामा परेका आयोजनाहरुको हकमा प्रदेश सरकारले निर्णय गरी ३ करोड भन्दा बढीका क्षेत्र विशेषका आयोजना/कार्यक्रममा समपूरक अनुदान उपलब्ध गराउन सक्नेछ।

६. **<u>योजना तथा कार्यक्रम छनौट</u>**: (१) स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालन गर्ने योजना तथा कार्यक्रमको छनौट गर्दा ऐनको दफा ६ को व्यवस्था अनुसार पूर्वाधार विकास सम्वन्धी योजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना तथा कार्यक्रम छनौट गर्दा स्थानीय तहको आफ्नै स्रोतबाट तथा समानीकरण, सशर्त र विशेष अनुदानबाट सञ्चालित योजना तथा कार्यक्रम तथा विगतमा सम्पन्न भएका योजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी छनौट गर्नु पर्नेछ।

(३) योजना तथा कार्यक्रमको छनौट गर्दा त्यसको आवश्यकता, औचित्यता, दिगोपना, सोबाट लाभान्वित हुने सम्भाव्य जनसंख्याको प्रतिशत तथा प्राप्त हुने उपलब्धीको ठोस आंकलन आदिको विश्लेषण गर्नु पर्नेछ।

---

✍ पहिलो संशोधनद्वारा थप।

(४) योजना तथा कार्यक्रमको छनौट गर्दा स्थानीय तहको सम्बन्धित सभा बाट अनुमोदन गर्नु पर्नेछ।

(५) स्थानीय तहबाट माग गरिएका आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार भएको र जग्गा प्राप्ति सम्बन्धी प्रकृया पूरा भएको हुनुपर्नेछ ।

(६) योजना तथा कार्यक्रमको छनौट गर्दा सम्बन्धित क्षेत्रका जनताको आयस्तर वृद्धि गर्ने, आधारभूत भौतिक पूर्वाधारको विकासमा सहयोग पुग्ने, गरिबी कम गर्न सहयोग पुग्ने, रोजगारी सिर्जनामा मद्दत पुग्ने र स्थानीय सीप, साधन र स्रोतको अधिकतम उपयोग हुने किसिमले छनौट गर्नु पर्नेछ।

७. **निवेदन दिनु पर्नेः** (१) स्थानीय तहले दफा ३ बमोजिमको क्षेत्रमा समपूरक अनुदान आवश्यक पर्ने भए प्रत्येक आर्थिक बर्षको पौष मसान्त भित्र अनुसूची बमोजिमको ढाँचामा देहायका विषयहरु खुलाई मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछः-

(क) योजना तथा कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) योजना तथा कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण,

(ग) योजना तथा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय, लागत अनुमान र लागत सहभागिता व्यहोरिने अंशको विवरण,

(घ) योजना तथा कार्यक्रमको लाभ लागत विश्लेषण विवरण,

(ङ) योजना तथा कार्यक्रमबाट लाभान्वित हुने वर्ग, क्षेत्र, समुदाय र कुल लाभान्वित जनसंख्याको अनुपात,

(च) योजना तथा कार्यक्रम सम्पन्न भएपछि प्राप्त हुने सम्भाव्य प्रतिफलको मापनयोग्य विवरण,

(छ) आवश्यकता अनुसार योजना तथा कार्यक्रमको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन ।

(३) दफा ४ मा उल्लिखित ढाँचा अनुसार आयोजनाको कुल लागत रकममध्ये स्थानीय तह र अन्य क्षेत्रबाट जुटाउनु पर्ने अंश रकम सम्बन्धित खातामा जम्मा भएको प्रमाण पेश गर्नु पर्नेछ।

📖८. **योजना तथा कार्यक्रम छनौट समितिः** (१) स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालन गर्न दफा ३ बमोजिम प्रस्ताव भई आएका योजना तथा कार्यक्रमको छनौट गर्न मन्त्रालयमा देहाय बमोजिमको समिति रहनेछः

| | |
|---|---|
| (क) सचिव, अर्थिक मामिला तथा योजना मन्त्रालय | संयोजक |
| (ख) उप सचिव, योजना हेर्ने महाशाखा, मुख्य मन्त्री तथा मन्त्रि परिषदको कार्यालय समेत सबै मन्त्रालय | सदस्य |
| (ग) उप सचिव, वित्त व्यवस्थापन महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ङ) उप सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| (च) उप सचिव, बजेट योजना तथा कार्यक्रम महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य - सचिव |

(२) समितिले उपदफा (१) बमोजिम योजना तथा कार्यक्रम छनौट गर्दा सङ्घ, प्रदेश र स्थानीय तहको अन्य स्रोतबाट सञ्चालित योजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी छनौट गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले योजनाको संभाव्यता, लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, कार्यान्वयनका लागि आवश्यक भौतिक तथा वित्तीय क्षमता वा जनशक्ति, योजनाको आवश्यकता र प्राथमिकता जस्ता विषयहरुलाई आधार मानी अधिकतम उपलब्धी हासिल हुने योजनालाई प्राथमिकता दिई छनौट गर्नु पर्नेछ।

(४) योजना तथा कार्यक्रमको छनौट गर्दा उपदफा (३) मा उल्लिखित विषयका अतिरिक्त सम्वन्धित क्षेत्रका जनताको आयस्तर वृद्धि गर्ने, आधारभूत भौतिक पूर्वाधारको विकासमा सहयोग पुग्ने, गरिवी कम गर्न सहयोग पुग्ने, रोजगारी सृजनामा मद्दत पुग्ने तथा स्थानीय सीप, साधन र स्रोतको अधिकतम उपयोग हुने योजनालाई प्राथमिकता दिई छनौट गर्नु पर्नेछ ।

(५) योजना तथा कार्यक्रम छनौट गर्दा योजनाको कुल लागतमा प्रदेश वा स्थानीय तह, नेपाल सरकार र अन्य स्रोतबाट व्यहोर्ने लागतको अनुपात विवरणको विश्लेषण गरी लागत सहभागितालाई समेत आधार लिनुपर्नेछ ।

(६) समितिले आयोजना छनौटका लागि सूचक बनाउन सक्नेछ। यस्तो सूचकको निर्णय आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नेछ ।

(७) यस दफा बमोजिम योजना छनौट गर्ने कार्य प्रत्येक वर्षको फागुन मसान्तभित्र सम्पन्न गर्नु पर्नेछ ।

📖 पहिलो संशोधन द्वारा संशोधित।

📖८क. **आयोजना छनौट र कार्यान्वयनः** (१) दफा ७ बमोजिमको समितिको सिफारिसको आधारमा मन्त्रालयले समपूरक अनुदान प्रदान गर्ने आयोजना छनौट गर्नेछ ।

(२) मन्त्रालयबाट उपदफा (१) बमोजिम छनौट भएका आयोजना कार्यान्वयन गर्न स्थानीय तहलाई तीन दिनभित्र सूचना दिइनेछ।

(३) स्थानीय तहले उपदफा (२) बमोजिमको सूचना प्राप्त गरेको मितिले सात दिनभित्र कार्य प्रकृया अगाडि बढाउनुपर्नेछ ।

✍(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको बजेट तथा कार्यक्रमसँगै प्रस्ताव गरिएका आयोजना/कार्यक्रम अन्तर सरकारी वित्त हस्तान्तरण पुस्तिकामा प्रकाशन गरिनेछ। यस्ता आयोजना र कार्यक्रमको छुट्टै सम्झौता गरिने छैन।

✍(५) आयोजना वा कार्यक्रमसँग सम्बन्धित विवरण सबैले देख्ने गरी होडिङ्ग बोर्डमा राख्नुपर्नेछ। यस्तो विवरणमा आयोजनाको नाम, आयोजना निर्माण कम्पनी, आयोजना सुरु र सम्पन्न हुने मिति, लागत रकम, लाभान्वित जनसंख्या तथा यससँग सम्बन्धित अन्य आवश्यक विवरण समावेश गर्नुपर्नेछ।

९. **आवधिक योजनामा समावेश गर्नु पर्ने**ः स्थानीय तहले समपूरक अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने योजना तथा कार्यक्रमलाई आवधिक योजनामा समावेश गर्नु पर्नेछ।

## परिच्छेद-३
## योजनाको सञ्चालन, कार्यान्वयन तथा अनुगमन

१०. **अनुदान रकम खर्च गर्ने विधि र प्रकृया**ः(१) स्थानीय तहले समपूरक अनुदान वापत प्राप्त रकम खर्च गर्दा देहायको प्रकृया अपनाउनु पर्नेछ :-

(क) समपूरक अनुदान कार्य प्रगतिको आधारमा बढीमा तीन किस्तामा सोधभर्ना स्वरुप हस्तान्तरण गरिनेछ। यो रकम जुन योजना तथा कार्यक्रमको लागि प्राप्त भएको हो सोहि योजना वा कार्यक्रममा खर्च गर्नु पर्नेछ,

(ख) स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नुपर्नेछ,

---
✍ पहिलो संशोधनद्वारा थप।
📖 पहिलो संशोधन द्वारा संशोधित।

(ग) समपूरक अनुदान बापत प्राप्त रकम खर्च गर्दा प्रचलित प्रदेश आर्थिक कार्यविधि ऐन तथा प्रचलित सार्वजनिक खरिद कानूनको व्यवस्थाको पूर्ण पालना गरी मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नु पर्नेछ। साथै यस्तो अनुदानको रकम खर्च गर्दा उपभोक्ता समिति मार्फत खर्च गर्न पाइने छैन,

(घ) समपूरक अनुदानबाट प्राप्त रकम अन्यत्र खर्च शीर्षकमा रकमान्तर गर्न पाइने छैन,

(ङ) समपूरक अनुदानको रकमबाट तलब, भत्ता, मर्मत संभार, मसलन्द लगायतका प्रशासनिक खर्च, परामर्श सेवा आदिमा खर्च पाईने छैन,

(च) समपूरक अनुदानबाट प्राप्त रकम आयोजना एवं कार्यक्रम सम्पन्न गर्नु पर्ने तोकिएको समयावधि भित्र खर्च गरिसक्नु पर्नेछ,

(छ) समपूरक अनुदानबाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखा परीक्षण गराउनु पर्ने छ।

(२) समपूरक अनुदानबाट सञ्चालनमा रहेका योजना तथा कार्यक्रमबाट सो योजना लक्षित उद्देश्य अनुरुप सञ्चालन हुन नसकेमा प्रदेश सरकारले स्थानीय तहलाई ध्यानाकर्षण गराउँदै सो आयोजनामा प्रदान गरिएको रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने अन्य अनुदान रकमबाट कट्टा गर्न सक्नेछ।

✍ (३) उपदफा (१) को (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले बजेट कार्यक्रम प्रस्तुत गर्दा प्रस्ताव गरेका समपूरक अनुदानमा सञ्चालन गरिने आयोजनाको हकमा सम्बन्धित स्थानीय तहले आफ्नो बजेट तथा कार्यक्रममा समावेश गरेको विवरण उपलब्ध गराएमा प्रदेश सरकारले व्यहोर्ने लागतको ५० प्रतिशत रकम श्रावण २५ गतेभित्र स्थानीय सञ्चितकोषमा हस्तान्तरण गर्नेछ। बाँकी ५० प्रतिशत रकम कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि हस्तान्तरण गर्नेछ।

✍(४) स्थानीय तहले आर्थिक वर्षको अन्त्यसम्म खर्च हुन नसकेको समपुरक अनुदानको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्नेछ।

**११. <u>आयोजनाको कार्य तोकिएको समयावधिभित्र सम्पन्न गर्नु पर्ने</u>** : समपूरक अनुदानबाट सञ्चालनमा रहेका आयोजना वा कार्यक्रम तोकिएको समय अवधिभित्र सम्पन्न गरी सक्नुपर्नेछ।

✍ तर आर्थिक वर्ष २०७५/७६ मा शुरू भई सम्पन्न हुन बाँकी रहेका आयोजना/ कार्यक्रमहरु २०७६ पौष मसान्तभित्र सम्पन्न गरी बाँकी अनुदान माग गर्न आएमा त्यस्ता आयोजना/ कार्यक्रमहरु लाई प्रदेश सरकारले प्रतिवद्धता जनाएको हस्तान्तरण गर्न बाँकी अनुदान रकम हस्तान्तरण गर्न सक्नेछ।

---

✍ पहिलो संशोधन द्वारा थप।

१२. <u>**योजनाको सञ्चालन र कार्यान्वयन**</u> : (१) योजना तथा कार्यक्रम सञ्चालन गर्दा सोको पारदर्शी एवं प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनु पर्नेछ।

(२) आयोजना तथा कार्यक्रमको ठेक्का प्रकृया पारदर्शी र प्रतिस्पर्धात्मक गर्नको लागि ई-विडिङ अपनाउन सक्नेछ र बिल भूक्तानी दिइदा बैङ्किङ प्रणालीको प्रयोग गरी भुक्तानी दिनु पर्नेछ।

(३) योजना तथा कार्यक्रम सञ्चालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ।सोको लागि नागरिक समाज एवं लाभान्वित वर्ग र समुदायबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

(४) समपूरक अनुदानमा सञ्चालन गरिने परियोजनामा कन्टिन्जेन्सी बापत लागतको दुई प्रतिशत भन्दा बढी राख्न पाइने छैन।

📖१३. <u>**आन्तरिक नियन्त्रण/अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः**</u> (१) स्थानीय तहले समपूरक अनुदानका आयोजना कार्यान्वयन गर्दा पर्याप्त आन्तरिक नियन्त्रण प्रणाली सुनिश्चित गर्नुपर्नेछ।

(२) प्रदेश सरकारका विषयगत निकाय, प्रदेश सभा सदस्य, प्रदेश सरकारले खटाएका पदाधिकारी तथा कर्मचारीबाट आयोजना/कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्न सकिनेछ।

## परिच्छेद-६

## <u>विविध</u>

१४. <u>**प्रतिवेदन गर्नुपर्नेः**</u> सबै स्थानीय तहले आफ्नो क्षेत्रमा समपूरक अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

१५. <u>**बाधा अडकाउ फुकाउनेः**</u> यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा प्रकृया सरलीकरण गर्ने, अनुसूची हेरफेर गर्ने जस्ता विषयमा मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

१६. <u>**प्रचलित कानून बमोजिम हुनेः**</u> यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ ।

---

📖 पहिलो संशोधन द्वारा संशोधित।

# <u>अनुसूची</u>

(कार्यविधिको दफा ७ सँग सम्बन्धित)

## <u>समपूरक अनुदान माग गर्ने निवेदन</u>

स्थानीय तहको नाम :

जिल्ला :

फोन,फ्याक्स र इमेल :

कार्यक्रम वा आयोजनाको नाम :

कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने समय :

कार्यक्रम वा आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्या :

कार्यक्रम वा आयोजनाको कुल लागत रु. :

कुल लागतमा स्थानीय तहको लागत सहभागिता अनुपात रकम :

अन्य, निजी तथा सामुदायिक संघ संस्थाको लागत सहभागिता अनुपात रकम :

प्रदेश सरकारले व्यहोर्ने रकम :

आवश्यक संलग्न कागजातहरु :

१. ...............................

२. ...............................

३. ...............................

<u>दस्तखत :</u>

नाम :

पद:

मिति :

❑❑❑

[द्रष्टव्यः- आयोजना कार्यक्रम यस कार्यविधिको दफा ५ मा उल्लिखित विषय,  क्षेत्रलाई ध्यान दिई प्रस्ताव गरिएको छ।]